# "समृद्ध बाणगङ्गाको मूल आधारः आर्थिक सामाजिक रुपान्तरण सहितको पूर्वाधार"

## बाणगङ्गा नगरपालिकाको एघारौं नगरसभामा प्रस्तुत

## आ.व.०७९।०८० को बजेट तथा कार्यक्रम

**यस गरिमामय नगरसभाका सभाध्यक्ष महोदय, नगरसभाका सचिव, नगर सभाका सदस्यहरु, कर्मचारीहरु तथा उपस्थित सञ्चारकर्मी एवम् सम्पूर्ण महानुभावहरु !**

१. बाणगङ्गा नगरवासीको चाहना अनुरुप आर्थिक समृद्धि र सामाजिक रुपान्तरण गर्न नगरवासीको आवश्यकतालाई बजेटमा आत्मसाथ गर्दै गरिमामय एघारौं नगरसभाको प्रथम वैठकबाट स्वीकृत नीति तथा कार्यक्रमको अधीनमा रही आगामी आर्थिक वर्ष ०७९।०८० को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा सम्मानित सभाप्रति आभार व्यक्त गर्न चाहान्छु ।

२. यस अवसरमा राष्ट्रिय स्वतन्त्रता, स्वाधिनता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो प्राण उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात महान सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । जन आन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु तथा सम्पूर्ण व्यक्तिहरुको योगदानलाई उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु ।

३. नेपालको संविधानमा उल्लेखित राज्यको निर्देशक सिद्धान्त, संघिय र प्रदेश सरकारको नीति तथा कार्यक्रम, नगरको आवधिक योजना, दिगो विकासका लक्ष्य, विभिन्न ऐन, कानून, नियम र कार्यविधिहरुबाट निर्देशित

हुँदै यस नगरसभाबाट स्वीकृत नीति तथा कार्यक्रमलाई सफलतापूर्वक कार्यान्वयन गर्ने गरी बजेट तर्जुमा गरेको छ।

४. संघीय र प्रदेश सरकारबाट प्राप्त अनुदान, नगरपालिकाको आन्तरिक आयस्रोतको सिमीतता र नगरवासीको उच्च आकांक्षालाई मध्यनजर गरी माहामारीले नकारात्मक प्रभाव पारेका सामाजिक र आर्थिक क्षेत्रको पुनर्उत्थान गरी समृद्धिको यात्रालाई जारी राख्न बजेट विनियोजन गरेको छ ।

५. बजेट विनियोजनमा स्थानीय टोलबासीको माग, वडा समिति, बिषयगत समिति, राजस्व परामर्श समिति समेतको सिफारिसको आधारमा योजनाको प्राथमीकिकरण गरी बजेट विनियोजन गरेको छ। विनियोजित बजेटमा एकै पटक असीमित आवश्यकता पुरा गर्न अफठयारो भए पनि सकेसम्म सबै क्षेत्र समेटने प्रयास गरेको छ।

६. "सम्बृद्ध बाणगङ्गाको मूल आधार, आर्थिक सामाजिक रुपान्तरण सहितको पूर्वाधार" को मूल नारालाई मूर्तरुप दिन भरपर्दो सर्वसुलभ, गुणस्तरीय सेवा नगरवासीहरुलाई उपलब्ध गराई उनीहरुको जीवनस्तरमा क्रमिक सुधार ल्याउने विश्वास लिएको छ।

७. नगरको संतुलित विकास आयोजनाहरुको कार्यान्वयनको अवस्थालाई मध्यनजर गर्दै चालु आर्थिक वर्षका कार्यक्रमहरुलाई आवश्यकता अनुरुप परिमार्जन, संशोधन र थपघट गरी बजेट विनियोजनलाई निरन्तरता दिएको छ।

८. स्थानीय सरकारको क्षेत्राधिकार भित्र रहेका कर तथा गैरकर राजश्वका क्षेत्रहरुलाई प्राथमिकतामा राखि नगरलाई आत्मनिर्भर बनाउने तर्फ जोड दिएको छ।



CamScanner

सभाध्यक्ष महोदय,

९. **उपलब्ध स्रोत साधन र विभिन्न सम्भावनाको बावजुद यस नगरपालिकामा निम्न चुनौतीहरु विद्यमान छन् ।**

- महामारीबाट खस्किएको अर्थतन्त्रलाई चलायमान बनाउनु ।
- विपन्न गरिब परिवारलाई खाद्य संकटबाट मुक्त गराउनु ।
- नगरपालिका क्षेत्रभित्रको अव्यवस्थित जग्गालाई व्यवस्थापन गर्नु ।
- नदी नियन्त्रण तथा तटबन्ध गर्नु ।
- भवन संहिताको प्रभावकारी कार्यान्वयन गरी सुरक्षित घर निर्माण र अव्यवस्थित शहरीकरणलाई व्यवस्थापन गर्नु ।
- भू-उपयोग नीति र योजनाका आधारमा जमिनको उपयोग गर्नु ।
- समाजमा बढ्दो रुपमा रहेको लागु औषध दुर्व्यसनीलाई नियन्त्रण गर्नु ।
- लैङ्गिक हिंसा, कुसंस्कार र रुढिवादी परम्पराको अन्त्य गर्नु ।
- नगरभित्रका सम्पूर्ण सडकलाई तोकिएको मापदण्ड बमोजिम फराकिलो र व्यवस्थित गरी हरित सडकको रुपमा विकास गर्नु ।
- कृषिको आधुनिकीकरण तथा व्यवसायिकरण गरी गरीबी तथा वेरोजगारी समस्यालाई न्यूनीकरण गरी आत्मनिर्भर नगरको निर्माण गर्नु ।
- सिमित स्रोत र साधनबाट नगरबासीका असिमित आवश्यकतालाई पूर्ति गर्नु ।
- संविधानत: व्यवस्था गरिएका मौलिक हकको कार्यान्वयन गर्नु ।

सभाध्यक्ष महोदय,

१०. उल्लेखित चुनौतीहरुको बावजुत नगरबासीको समृद्धिको सपना साकार पार्नु हाम्रो दायित्व हो । उक्त दायित्व पूरा गर्न आ.व. ०७९।८० को बजेटका देहायका उद्देश्यहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- संक्रामक लगायत सबै प्रकारको रोग र विपदबाट नागरिकको जीवन रक्षा गर्दै जनजीविकालाई सहज र सुरक्षित बनाउने ।
- **खस्किएको अर्थतन्त्रलाई चलायमान बनाई बेरोजगारी युवायुवतीलाई रोजगारीको अवसर सिर्जना गर्ने ।**
- संघीयताको सफल कार्यान्वयनको लागि नगरको बिकासमा जनताको प्रत्यक्ष सहभागिता र अपनत्वको महसुस गराई सुशासन र सुरक्षाको प्रत्याभूति दिलाउने ।
- सूचना प्रविधिको विकास सँगै शिक्षा र स्वास्थ्य क्षेत्रमा गुणस्तर सुधार गर्ने ।
- भूमि बैंक मार्फत निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक कृषि प्रणालीको रुपमा विकास गरी एकीकृत कृषि प्रणालीलाई अवलम्बन गर्न कृषकलाई प्रोत्साहन गर्ने ।

११. योजना र कार्यक्रमहरुलाई नागरिकको आवश्यकता र समयानुकुल बनाउन तथा बजेट कार्यान्वयनमा प्रभावकारीता ल्याउन बजेट तथा कार्यक्रममा समावेश भएका योजना, कार्यक्रमहरुलाई निम्न आधारमा प्राथमिकिकरण गरी प्रस्तुत गरेको छु ।

- विभिन्न महामारीबाट बाणगङ्गा नगरबासीलाई सुरक्षित बनाउन स्वास्थ्य क्षेत्रको सबलीकरण गरी पुनसंरचना गर्ने र सबै किसिमका बिपद र महामारीबाट नगरवासिको जीवन रक्षा गर्ने ।
- बेरोजगार युवा तथा महिलालाई कृषि, पशुपंक्षी व्यवसायमा आबद्ध गरि स्वरोजगारको माध्यमबाट गरिबी न्यूनीकरणमा योगदान पुऱ्याउने ।
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त हुने खालका कृषि ,पशु विकासका कार्यक्रम सञ्चालन गर्ने ।
- प्रविधिमैत्री अपनत्व सहितको गुणस्तरीय शिक्षाका लागि शिक्षक, विद्यार्थीको क्षमता विकास गरी विद्यालयलाई प्रविधिमैत्री बनाउने ।



CamScanner

- गुणस्तरीय सार्वजनिक सेवा प्रबाह गर्दै सुशासनलाई संस्थागत गर्ने ।
- स्थानीय स्रोत साधन र सीपबाट सञ्चालन हुने योजनालाई प्राथमिकता **दिई लागत सहभागितामा अभिवृद्धि गरि वातावरणीय सन्तुलन सहितको दिगो तथा उत्थानशील विकास प्रक्रियालाई संस्थागत गर्ने ।**
- लैगिंक समानता, सामाजिक समावेशीकरणको माध्यमबाट पिछडिएका वर्ग तथा समूदायलाई राज्यको मुलधारमा समाहित गर्ने ।
- विशेष संस्कृति र जातीय पहिचान, संरक्षण र प्रवर्धन गर्ने ।
- पूर्वाधारहरुको निर्माण एंव दिगोपना मार्फत नगरबासीहरुको गुणस्तरीय जीवनको प्रबर्द्धन गर्ने ।
- नगरको विकास र सम्मृद्धिका लागि सहकार्य र सामुहिकताको संस्कारलाई प्रबर्द्धन न्याय र नैतिकताका आधारित हिंसा रहित स्वस्थ र मर्यादित जीवनशैली युक्त समाज निर्माण गर्ने ।

सभाध्यक्ष महोदय,

अब म गत आर्थिक वर्षको यथार्थ र चालु आर्थिक वर्षको समष्टिगत प्रगति विवरण प्रस्तुत गर्न चाहन्छु ।

१२. आ.व.२०७७/०७८ को आम्दानी र खर्चको प्रगति संक्षिप्त समीक्षा गर्दा शुरुमा कुल बजेट रु. १ अरब १८ करोड ३५ लाख ६५ हजार ४ सय ३० मध्ये चालु खर्चतर्फ रु.६८ करोड ५३ लाख १० हजार ९५ र पूँजीगत खर्चतर्फ रू.४९ करोड ८२ लाख ५५ हजार ३ सय ३५ खर्च अनुमान गरिएको थियो भने सोही आ.व.को हिउँदे नगरसभाबाट रु. १ अरब ३४ करोड ६५ लाख ४२ हजार ८ सय ८४ संशोधन गरिएको बजेट मध्ये चालु खर्च तर्फ रु.७९ करोड ५७ लाख ८८ हजार ५ सय ४४ बिनियोजन गरिएको मध्ये रु.७० करोड ३९ लाख १५ हजार ३ सय १० खर्च भई ८८.४५ प्रतिशत र पूँजीगत खर्चतर्फ रू.५५ करोड ७ लाख ५४ हजार ३ सय ४०

बिनियोजन गरिएको मध्ये रू.४२ करोड ९६ लाख ३ सय १६ खर्च भई ७८ प्रतिशत गरी जम्मा ८४.१८ प्रतिशत खर्च भई प्रगति भएको अवगत **गराउँदछु ।**

सभाध्यक्ष महोदय,

अब म चालु आ.व.को समष्टिगत प्रगति प्रस्तुत गर्न चाहन्छु ।

१३. चालु आर्थिक वर्ष ०७८।७९ को आन्तरिक आम्दानीको समिक्षा गर्दा प्रस्तावित आय रू.४ करोड ३७ लाख ६५ हजार अनुमान गरिएकोमा २०७९ जेष्ठ मसान्तसम्म रू.५ करोड १३ लाख २५ हजार ९ सय २२ मात्र असुली भई ११७ प्रतिशत आन्तरिक आयतर्फको लक्ष्य प्राप्त गरिएको छ भने कुल बजेट रू.१ अरब २८ करोड ३२ लाख ४८ हजार ४ सय ८० मध्ये जेष्ठ मसान्तसम्म कुल बजेट रू १ अरब १४ करोड १८ लाख ५ हजार प्राप्त भएको छ ।

१४. चालु आर्थिक वर्ष ०७८।७९ को खर्चको संक्षिप्त समिक्षा गर्दा प्रस्तावित आय रू.१ अरब २८ करोड ३२ लाख ४८ हजार ४ सय ८० मध्ये चालुतर्फ रु. ८७ करोड २१ लाख १३ हजार विनियोजन गरिएकोमा २०७९ जेष्ठ मसान्तसम्म रु.३९ करोड ३२ लाख २४ हजार ३ सय ६४ खर्च भई ५९.५८ प्रतिशत र पूँजिगत खर्चतर्फ रू.४१ करोड ११ लाख ३५ हजार ४ सय ८० विनियोजन गरिएकोमा रु. १९ करोड ७७ लाख ७ हजार ८ सय ५५ खर्च भई ४०.९२ प्रतिशत गरी जम्मा ५१.६९ प्रतिशत खर्च प्रगति भएको छ । आगामी आषाढ मसान्तसम्म करिब ९० प्रतिशत भन्दा बढी खर्च हुन सक्ने अनुमान गरिएको छ ।

१५. पूर्वाधार निर्माण तर्फ चालु आर्थिक वर्षको जेष्ठ मसान्त सम्ममा ४४१३ मिटर सडक कालोपत्रे, ४९०० मिटर नाली तथा नहर निर्माण, १५८९ मिटर कुलो तथा ढल निर्माण सम्पन्न भएका छन् । २५,२८८ मिटर सडक ग्राभेल,



CamScanner

११ वटा स्थानमा कल्भर्ट र ३७ वटा स्थानमा ह्युमपाइप कल्भर्ट निर्माण सम्पन्न भई सकेका छन् । ६८४२ मिटर विद्युत लाइन विस्तार, ३० वटा **विभिन्न सामुदायिक भवन निर्माण तथा मर्मत, २० वटा मन्दिर निर्माण तथा मर्मत र ५ वटा डिउहार निर्माण तथा मर्मत कार्य सम्पन्न भएका छन ।** क्रमागत योजना अन्तर्गत वडा नं. ३ को प्रशासनिक भवन, कृषि उपज संकलन केन्द्र र औद्योगिक ग्रामको कार्य भई रहेको छ ।

१६. कृषि उत्पादनलाई वृद्धि गर्न उन्नत जातको वीउ बिजन, कृषि औजार र सामग्रीहरु कृषक तथा कृषक समूहहरुलाई निःशुल्क तथा लागत साझेदारीमा वितरण गरी कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्वमा प्रोत्साहन गरिएको छ ।

१७. कृषक एबं पशुपालकहरुको माग लाई आवश्यकता बमोजिम पहिचान गरी सिमित साधन र स्रोतको बाबजुद विभिन्न अनुदान दिने कार्यक्रमहरु सम्पन्न भएका छन् ।

१८. सहकारीहरुको व्यवस्थापन तथा एकिकरणको शुरुवात भएको छ ।

१९. सामाजिक सुरक्षा भत्तालाई बैंक मार्फत प्रत्येक वडामा सहज पहुँच हुनेगरी वितरण गर्ने व्यवस्था मिलाईएको छ ।

२०. कोभिड विरुद्धको खोप लक्षित वर्गका सबै नगरबासीलाई लगाई पूर्ण खोप नगरपालिका घोषणा गरि सकिएको छ र बुस्टर खोपलाई निरन्तरता दिइने व्यवस्था मिलाईएको छ ।

२१. आर्थिक समृद्धि र दिगो विकासका लागि समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर र लक्षित वर्गको समान पहुँच स्थापित गरिएको छ ।

२२. समावेशी सहभागीता सहित सीमान्तकृत समुदायको सामाजिक रुपान्तरणका लागि विनियोजित लक्षित तर्फका आय आर्जन तथा सिपमुलक कार्यक्रमहरु सञ्चालन भएका छन् ।

२३. नगर भित्रका सामुदायिक विद्यालयहरुका विद्यार्थी संख्याको आधारमा सामुदायिक विद्यालयहरु समायोजन गर्ने र शिक्षकहरुको दरबन्दी मिलान गर्ने कार्य सम्पन्न भएको छ ।

२४. सामुदायिक विद्यालयहरुलाई प्रविधि मैत्री बनाउन एक विद्यालय एक ल्यापटप वितरण गर्ने कार्य सम्पन्न भएको छ ।

२५. प्राथमिकतहको स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्नको लागि कक्षा १ देखि ५ सम्मको स्थानीय पाठ्यक्रमको खाका तयार गरिएको छ ।

२६. बालमैत्री स्थानीय शासनले अबलम्वन गरेका सुचकहरु पुरा गरी नगरलाई बालमैत्री नगर घोषणा गरिएको र यसको दिगोपनाको लागि आवश्यक बजेटको व्यवस्था मिलाइएको छ ।

२७. योजना संचालन गर्दा प्रकोप उत्थानशील, वातावरणमैत्री, ज्येष्ठ नागरीकमैत्री, बालमैत्री, तथा अपाङ्ग मैत्री स्थानीय शासनका आधारभुत सुचकहरुलाई आधार मानी कार्यान्वयन गर्ने व्यवस्था मिलाईएको छ । योजना सम्पन्न भए पश्चात सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता सुशासनका औजारहरुको प्रयोग गर्दै पारदर्शीता, उत्तरदायित्व, जवाफदेहिता र जनविश्वास आर्जन गर्ने ब्यवस्था मिलाइएको छ ।

२८. नगर भित्र निर्माण हुने कालोपत्रे सडकको गुणस्तरियताको लागि यसै आ.व. देखि अस्फाल्ट कंक्रिट प्रविधिलाई अवलम्बन गर्ने व्यवस्था मिलाइएको छ ।

२९. नगरपालिका तथा अन्तर्गतका कार्यालयहरुबाट प्रदान गरिने सेवा प्रवाहलाई प्रविधि मैत्री बनाउन ई-सेवाको क्युआर कोड (QR-code) मार्फत नगर र वडा कार्यालयहरुको कर संकलन गर्ने र सफ्टवेयर मार्फत सिफारिस पत्र बनाई सेवा प्रवाह चुस्तदुरुस्त बनाउने व्यवस्था मिलाइएको छ ।



CamScanner

३०. स्थानीय स्तरमा सिर्जना हुन सक्ने सामान्य विवादहरुको निरुपणको लागि मेलमिलाप केन्द्रहरुको व्यवस्थापन र मेलमिलाप कर्ताहरुको क्षमता **अभिबृद्धिको व्यवस्था मिलाईएको छ।**

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्षको समष्टिगत प्रस्तावित आम्दानी र खर्चको विवरण प्रस्तुत गर्न चाहन्छु।

३१. यस नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० मा संघ र प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरणमा रु. २२ करोड ६४ लाख ४२ हजार, सशर्त अनुदानमा रु.४६ करोड ९८ लाख, राजस्व बाँडफाँडमा रु. २० करोड ५० लाख ४७ हजार, समपुरक अनुदानमा रु. २ करोड ४० लाख, विशेष अनुदानमा रु.२ करोड ९० लाख, आन्तरिक आयमा रु. ९ करोड ७५ लाख, लागत सहभागिता र मौज्दात रकम रु. ४ करोड गरी जम्मा रु.१ अर्ब ४९ करोड १७ लाख ८९ हजार हुने अनुमान गरेको छु। सामाजिक सुरक्षा कार्यक्रमका लागि रु ३५ करोड, नगरपालिका र अन्तरगत कार्यालयमा कार्यरत कर्मचारीहरुको तलब भत्ता तथा नियमित कार्यक्रम लगायत अन्य प्रशासनिक कार्यका लागि रु १६ करोड १२ लाख रकम खर्च हुने अनुमान गरेको छु। क्षेत्रगत बजेट विनियोजन अनुसार आर्थिक विकास तर्फका कार्यक्रमका लागि रु. ७ करोड ७९ लाख, सामाजिक विकास तर्फ रु. ७८ करोड ९२ लाख ६५ हजार, भौतिक पूर्वाधार तर्फ रु. ४४ करोड १४ लाख २४ हजार, वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ रू. ९२ लाख, सुशासन तथा संस्थागत विकास तर्फ रू. १७ करोड ४० लाख बजेट विनियोजन गरेकोछु।

सभाध्यक्ष महोदय,

CamScanner

३२. प्रत्येक वडाको संतुलित विकासको लागि विनियोजन गरिएको रु.१३ करोड बजेट मध्येबाट सबै वडाले प्राप्त गर्नेगरी न्युनतम रु. ५० लाख र बाँकी वडाको क्षेत्रफल, जनसंख्या, भौगोलिक अवस्था, राजश्व असुलीको आधारमा अंकभार कायम गरी सुत्रको आधारमा रकम बाँडफाँड गर्ने व्यवस्था मिलाएको छ।

३३. कृषि क्षेत्रको विकासका लागी ८५ प्रतिशत अनुदानमा साना सिँचाई कार्यक्रम तर्फ रु.२४ लाख, ५० र ७५ प्रतिशत अनुदान दिने गरी मागमा आधारित व्यवसायिक कृषि कार्यक्रम संचालनका लागी रु.४९ लाख बजेटको व्यवस्था मिलाएको छ।

३४. तरकारी खेती प्रबर्द्धन गर्नका लागि सिडकिट खरीद गरी निशुल्क बितरण गर्नका लागि रु.१० लाख बजेट विनियोजन गरेको छ।

३५. माटो जाँच शिबिर, आई. पि. एम. कृषक पाठशाला, आकस्मिक बाली संरक्षण, कृषि मेला प्रदर्शनी, बाली उपचार शिबिर, परम्परागत तथा रैथाने बाली प्रबर्द्धनका लागि रु.१३ लाख ५० हजार बजेट बिनियोजन गरेको छ।

३६. धान उत्पादन प्रबर्द्धन, खाद्यान्न बालीको उन्नत वीउ, धान वालीको साना व्यवसायीक कृषि उत्पादन केन्द्रका साथै उन्नत वीउ बितरणका लागि प्रोत्साहन जस्ता कृषि कार्यक्रम संचालनका लागि रू.४६ लाख ५० हजार बजेट विनियोजन गरेको छ।

३७. धानबाली, गहुँबाली र तरकारी बाली पकेट विकास कार्यक्रमका लागि रु. ३० लाख बजेट विनियोजन गरेको छ।

३८. साना व्यवसायीक कृषि उत्पादन केन्द्र कृषि तथा पशु कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छ।

CS CamScanner

३९. किसान सुचीकरण, कृषि पशुपन्छी तथा मत्स्य तथ्यांक, बाली कटानी तथा तथ्यांक अद्यावधिक जस्ता कार्यक्रम संचालनका लागि आवश्यक बजेट **विनियोजन गरेको छ।**

४०. **पशु आहार सेवाका लागि हिउदे, वर्षे र बहु वर्षे घाँस, बर्षिम तथा विभिन्न** प्रजातिका घाँस बिउ खरिद गरी वितरण गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छ।

४१. पशु उपचार कार्यक्रम अन्तर्गत औषधि खरिद एवम् पशु बीमा कार्यक्रम सञ्चालन गर्न आबश्यक बजेटको व्यवस्था मिलाएको छ।

४२. गाई, भैसी, कुखुरा, बाख्रा, बंगुर र माछा जस्ता पशुपालन व्यवसायहरु प्रोत्साहनका लागि अनुदानमा आधारित विभिन्न कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छ।

४३. पशु स्वास्थ्य नियमन, पशु आहार सेवा, पशु स्वास्थ्य तथा उपचार, पशु रोग तथा प्रयोगशाला, कृतिम गर्भाधान, पशु खोप सेवा लगायत मासु मिसन जस्ता पशु विकास कार्यक्रम संचालनका लागि आवश्यक बजेट विनियोजन गरी पशु सेवा कार्यक्रम प्रबर्द्धनका लागि प्रोत्साहान गरेको छ।

४४. युवाहरुलाइ रोजागारीमा आकर्षित गर्न कामका लागि पारिश्रमिक कार्यक्रमका लागि रु.५३ लाख ८६ हजार रकम विनियोजन गरेको छ।

४५. बैदेशिक रोजगारलाइ सुरक्षित, मर्यादित, भरपर्दो बनाउन समुदाय अभिमुखिकरण कार्यक्रम, रिटर्नी स्वयंसेवक परिचालन, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता जस्ता कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छ।

४६. मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयको भौतिक तथा शैक्षिक सुधारका लागि रु.७० लाख बजेट विनियोजन गरेको छ।



CamScanner

४७. नगरमा क्रियाशिल सहकारीहरुको क्षमता अभिबृद्धिका लागि सहकारी सचेतना कार्यक्रम, सहकारी शिक्षा, नेतृत्व विकास र आवश्यक तालीमका लागी आवश्यक बजेट विनियोजन गरेको छु।

४८. लघु उद्यम सम्बन्धी कार्यक्रमहरु संचालन गरी नयाँ उद्यमीहरु सिर्जना गर्ने, दक्ष उद्यमीहरुलाई प्रवीधी हस्तान्तरण गरी उद्यमशिलताको विकास गर्न आवश्यक व्यवस्था मिलाएको छु।

४९. आन्तरिक पर्यटन तथा साँस्कृतिक पर्यटन प्रवर्द्धनका लागि नगर क्षेत्र भित्र आधारभुत पूर्वाधार निर्माणका लागी आवश्यक बजेट विनियोजन गरेको छु।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०७९/ ८० को क्षेत्रगत विनियोजन बजेट अन्तर्गत सामाजिक विकास तर्फको विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु।

५०. स्थानीय भाषा संस्कृतिको जगेर्ना तथा प्रवर्द्धनका लागि स्थानीय पाठ्यक्रम एवम् शैक्षिक रणनितिक योजना निर्माणका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

५१. प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ता र विद्यालय कर्मचारी व्यावस्थापनका लागि रु.२ करोड ५५ लाख ६४ हजार बजेट अनुदान दिने व्यवस्था मिलाएको छु।

५२. विद्यालयको शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहनका लागि रु.१ करोड १२ लाख अनुदान उपलब्ध गराउने व्यवस्था मिलाएको छु। कक्षा ५ र ८ को परीक्षा व्यवस्थापनका लागि आवश्यक रकमको व्यवस्था मिलाएको छु।

५३. सर्शत अनुदान तर्फ शैक्षिक क्षेत्रमा विनियोजित बजेट तोकिएको शिर्षकमा खर्च गर्ने व्यवस्था मिलाएको छु। नमुना विद्यालय शैक्षिक पूर्वाधार



CamScanner

निर्माणका लागी रु.१ करोड १ लाख रकम खर्च गर्ने व्यवस्था मिलाएको छु ।

५४. **सार्वजनिक विद्यालयका विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक, सेनेटरी प्याड एवं दिवा खाजा र छात्रवृतिका लागि ३ करोड ६१ लाख २७ हजार** बजेट विनियोजन गरेको छु ।

५५. आमा सुरक्षा, गर्भ संस्कार, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क सुरक्षित गर्भपतन सेवा सञ्चालनका लागि रु.३० लाख ४३ हजार बजेट विनियोजन गरेको छु ।

५६. मातृ तथा नव शिशु कार्यक्रम, पोषण कार्यक्रम र किशोर किशोरी तथा प्रजनन स्वास्थ्य कार्यक्रमका लागि रु.२६ लाख ७४ हजार विनियोजन गरेको छु ।

५७. आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको औषधी खरिदका लागि रु. १७ लाख ५५ हजार बजेट विनियोजन गरेको छु ।

५८. महिला स्वास्थ्य स्वयंसेविकाहरुको मनोबल उच्च राखि काममा उत्प्रेरित गर्न प्रोत्साहन तथा यातायात खर्च उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु । साथै संघबाट ५० प्रतिशत र नगरपालिकाबाट ५० प्रतिशत रकम ब्यहोर्ने गरी स्वयंसेविकाहरुको स्वास्थ्य बिमा गर्ने व्यवस्था मिलाएको छु ।

५९. नगरपालिकालाई क्षयरोग मुक्त घोषणा अभियानका लागि रु. २७ लाख बजेट विनियोजन गरेको छु ।

६०. सिकलसेल एनिमिया, हात्तिपाइले, औलो तथा कालाज्वर, इन्फ्लुएन्जा, वर्डफ्लु, क्षयरोग जस्ता रोगको निदानको लागि औषधि सहित आवश्यक कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।



CamScanner

६१. स्थानीय अस्पताल र बर्थिङ् सेन्टरमा प्रसुती हुने महिलाहरुलाई निःशुल्क एम्वुलेन्स तथा यातायात सुविधा उपलब्ध गराउन आवश्यक बजेट **विनियोजन गरेको छ।**

६२. **विभिन्न समुदायका पर्व, दिवस तथा महोत्सव सञ्चालनका** लागि आवश्यक बजेट विनियोजन गरेको छ।

६३. विद्यार्थीहरुका लागि जुकाको औषधि तथा किशोरीहरुलाई आईरन (फोलिक एसिड) वितरणका लागि आवश्यक बजेट विनियोजन गरेको छ।

६४. नगरस्तरिय मेयरकप, राष्ट्रपति रनिङ शिल्ड कप तथा अन्य खेलकुद कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छ।

६५. स्वरोजगार सिर्जना हुने खालका विभिन्न सिपमूलक लक्षित कार्यक्रम, हिंसा पिडीत महिला, दलित, मुस्लिम, आदिवासी, जनजाती तथा अपाङ्गहरुको शसक्तिकरण तथा मूल प्रवाहीकरणका लागि बिभिन्न लक्षित कार्यक्रम संचालन गर्न आवश्यक बजेट व्यवस्था मिलाएको छ।

६६. टोल विकास संस्था तथा उपभोक्ता समितिका पदाधिकारीको क्षमता विकासका लागि आवश्यक रकमको व्यवस्था मिलाएको छ।

६७. पोषण सुधारका लागि विद्यालयमा खानेपानी तथा सरसफाइ, पोषण विशेष कार्यक्रम र पोषण सुधारका लागि विपन्न समुदायका महिला एवम् सहकारीहरुका कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०७९/८० को भौतिक पूर्वाधार विकास तर्फ विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु।



CamScanner

६८. जनज्योति मा.वि. मोतिपुरको भवन निर्माणको लागि रु.१ करोड र महेन्द्र मा.वि., कोपवाको लागि रु. १ करोड २० लाख संघीय सरकारको विशेष अनुदान कार्यक्रम अन्तर्गत बजेट विनियोजनको व्यवस्था मिलाएको छु।

६९. बनगाई मोतिपुर कपिलधाम वडा नं. ७ र ९ जोड्ने सडक काल्लोपत्रेका लागि संघीय सरकार समपुरक अनुदानबाट रु.४० लाख र नगरबाट रु.४० लाख गरी जम्मा रु.८० लाख बजेट विनियोजनको व्यवस्था मिलाएको छु।

७०. प्रदेश सम्पूरक अनुदान अर्न्तगत कर्महना देखि मैनहरा हुँदै दुर्गानगर जोडने सडक कालोपत्रे, बठनपुरा झुँगा जोडने सडक कालोपत्रे र मिलनचोक बिरपुर गोगापुर भेलरैया हुँदै भावपुर जोडने सडक कालोपत्रेका लागि रु.१ करोड २० लाख र नगरको रु.१ करोड २० लाख गरी जम्मा रु.२ करोड ४० लाख बजेट विनियोजन गरेको छु।

७१. प्रदेश सम्पूरक अन्तरगत कृषि विकास शाखा भवन निर्माणका लागि रु.५० लाख र नगरबाट रु. ५० लाख गरी जम्मा रु.१ करोड र ओशो ध्यानकेन्द्र धर्मशालाका लागि रु. ३० लाख र नगरको व्यवस्थापनबाट रु. ३० लाख गरी जम्मा रु.६० लाख बजेट विनियोजन गरेको छु।

७२. बाणगंगा ४ गंगा नेपालीको घरदेखि दक्षिणतर्फ सडक स्तरोन्नतीका लागि रु. १० लाख, साना किसान कृषि सहकारी, हथौसाको गोदाम घर निर्माणका लागि रु. १० लाख, अधुरो सामुदायिक भवन ओदारीका लागि रु. ७ लाख बजेट प्रदेश मार्फत विनियोजनको व्यवस्था मिलाएको छु।

७३. विद्यालय मर्मत सम्भार र विद्यालयको भौतिक पुर्वाधार निर्माण अन्तर्गत कक्षाकोठा निर्माणको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

७४. हाम्रो वडा हाम्रो गौरव सन्तुलित विकासका लागि नगरस्तरीय योजना अन्तरगत भौतिक पूर्वाधारको क्षेत्रमा खर्च गर्ने गरी प्रत्येक वडामा समानुपातिक हिसाबले आवश्यक बजेट विनियोजन गरेको छु।

७५. नगरपालिका भित्र रहेका विभिन्न सडकहरु तत्काल मर्मत गर्नुपर्ने अवस्थाका लागि मर्मत सम्भारको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

७६. लागत सहभागितामा (७०/३०) आधारित भौतिक पूर्वाधार निर्माणका लागि रु.२ करोड बजेट विनियोजन गरेको छु ।

७७. बाणगंगा ३ अन्तर्गत चम्किपुर डाँडा देखि कृषि सडक दक्षिणको सडक पि.सि.सी.को लागि रु. १० लाख, धनराज झेडीको घर देखि पश्चिम उत्तर दुर्गामन्दिर सडक स्तरोन्नतीको लागि रु.९ लाख र धनकौली गाउँ प्रतिक्षालय देखि उत्तर सडक स्तरोन्नतीको लागि रु. १० लाख बजेट विनियोजनको व्यवस्था मिलाएको छु ।

७८. कोपवा गाउँ भित्र दक्षिणटोल सडक स्तरोन्नतीका लागि रु. १० लाख, चप्परगाँउ साना किसान देखि उत्तर सडक स्तरोन्नतीका लागि रु.७ लाख, गोगापुर स्कुल देखि गाउँसम्म सडक स्तरोन्नतीका लागि रु.८ लाख, दुर्गा मन्दिर देखि ढोडेकोल जाने बाटो स्तरोन्नतीको लागि रु.१० लाख, मोतिपुर भुईपुरा दिपक पौडेलको घरदेखि दक्षिणको सडक स्तरोन्नतीका लागि रु. ८ लाख र बाणगंगा २ मेहनेती टोलको गोले थारुको घर किनारको सडक स्तरोन्नतीका लागि रु. ७ लाख बजेट प्रदेश मार्फत व्यवस्था मिलाएको छु ।

७९. पिपरा अस्पतालको भौतिक संरचना निर्माण तथा स्तरोन्नतिका लागि रु. १ करोड र पिपरा अस्पताललाई ५० बेडको अस्पताल तथा ट्रमा सेन्टरको रुपमा विकास गर्न संघ तथा प्रदेश सरकारसंग आवश्यक सहकार्य गर्ने व्यवस्था मिलाएको छु ।

८०. नगरका स–साना खानेपानी योजना मर्मत, विद्युत पोल तथा तार खरिदका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

CamScanner

८१. नगरभित्रका सामुदायिक भवन निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

८२. **झोलुङ्गो पुल क्षेत्रगत कार्यक्रम अन्तरगत राम दत्तिवन धाम, कपिलधाम, घिरि खोला जोड्नका लागि प्राथमिकताको आधारमा झोलुङ्गो पुल** निर्माणका लागि रु ४० लाख सशर्त बजेटको व्यवस्था मिलाएको छु।

८३. बाणगङ्गा चक्रपथ निर्माणका लागी आवश्यक बजेट विनियोजन गरेको छु।

८४. सबारी साधनको बढ्दो चांपबाट हुन सक्ने दुर्घटना, चोरी निकासी जस्ता अपराधजन्य क्रियाकलापहरुबाट आम नगरवासीलाई सुरक्षाको प्रत्याभूती दिलाउन CCTV संजाललाई थप बिस्तार गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु । सवारी साधनलाई व्यवस्थित गर्न बसपार्कको व्यवस्थाको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

८५. सार्वजनिक जग्गाको बढ्दो अतिक्रमणलाई रोक्न सार्वजनिक जग्गा संरक्षण कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

८६. ब्रम्हकुमारी इश्वरीय विश्वविद्यालय एवं राजयोग प्रशिक्षण केन्द्रको भवन निर्माणको लागि रु.१ करोड संघीय सरकार मार्फत बजेटको व्यवस्था मिलाएको छु।

८७. मोर्मी खानेपानी आयोजना, बाणगंगा-८ को लागि रु. ४५ लाख र बनगाई खानेपानी आयोजना, बाणगंगा-७ को लागि रु. ५० लाखको बजेट प्रदेश सरकार मार्फत व्यवस्था मिलाएको छु ।

८८. कोपवा हाटबजार देखि एसियन माछा फर्म हुँदै मटेरिया सिमलखोर जोड्ने सडक स्तरोन्नतीको लागि रु.४९ लाख, झुंगा चोक देखि तल्लो झुंगा हुँदै कालाबन्जार जोड्ने सडक कालोपत्रेका लागि रु. ३५ लाख बजेट संघीय सरकार मार्फत व्यवस्था मिलाएको छु ।

८९. सडक बोर्ड अन्तर्गत विभिन्न सडक मर्मत सम्भारका लागि संघ बाट प्राप्त हुने रकमलाई सोही क्षेत्रमा मात्र खर्च हुने व्यवस्था मिलाएको छ।

**९०. राष्ट्रिय ग्रामिण तथा नवीकरणीय उर्जा अनुदानतर्फ प्राप्त रु.८ लाख बजेटलाई उर्जा उत्पादन तथा बायो ग्यास जडानमा खर्च गर्ने व्यवस्था** मिलाएको छ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०७९/८० को वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु।

९१. फोहोर प्रशोधन प्लान्ट जडानका लागि प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयार भई सकेकोले ल्याण्डफिल्ड साईटको डिपिआर तयार गरी फोहोरलाई मोहोरमा बदल्न सार्वजनिक, निजी, सहकारी र समुदायको साझेदारीमा ल्यान्डफिल्ड साइट तथा फोहर प्रसोधन केन्द्रको प्रारम्भिक पूर्वाधार निर्माण लगायतका कार्यहरु गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छ।

९२. सडकहरुको दिगोपना र वातावरणीय सन्तुलन एवम् शहरी स्वच्छताका लागी भौतिक संरचना निर्माण गर्दा सडक किनारको दुवैतिर वृक्षारोपण गर्न व्यावस्था मिलाएको छ।

९३. प्राकृतिक तथा मानव सृजित विपद्को पूर्व तयारी, प्रतिकार्य योजना, उद्धार सामग्री व्यवस्थापन, राहत वितरण जस्ता कार्यका लागि नगर प्रकोप व्यवस्थापन कोषमा रु.५० लाख बजेटको व्यवस्था मिलाएको छ।

९४. "म सफा गर्छु मेरो नगर" सरसफाइ अभियान निरन्तरताका लागी आवश्यक बजेट विनियोजन गरेको छ।

९५. बाणगंगा-६ भगलापुरमा पार्क निर्माणका लागि रु. ९ लाख बजेट प्रदेश मार्फत व्यवस्था मिलाएको छ।



CS CamScanner

९६. समृद्धिका लागि  वन अन्तरगत दिगो वन, व्यवस्थापन तथा वृक्षारोपण कम्पोनेन्ट, संस्थागत सुदृढिकरण तथा क्षमता अभिवृद्धि कम्पोनेन्टका लागि **रु.३७ लाख संघीय सरकार  मार्फत बजेट विनियोजन गरेको छ ।**

सभाध्यक्ष महोदय,

अब म आ.व. २०७९/८० को सुशासन तथा संस्थागत विकास तर्फ विनियोजित बजेट प्रस्तुत गर्न अनुमति चाहान्छु ।

९७. नगर भित्र निर्माण हुने संरचनाहरुको मापदण्ड नियमन एवं प्राकृतिक स्रोत दोहन न्यूनीकरणका लागि नगर प्रहरीको व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गरेको छ ।

९८. सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको यकिन तथ्याङ्क निर्धारण गरी सबै प्रकारका सामाजिक सुरक्षाका कार्यक्रमलाई सहज, पारदर्शी र मर्यादित बनाउन कर्मचारी तथा कार्यालय व्यवस्थापन समेतका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छ ।

९९. मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजश्व परिचालन, वित्तिय व्यवस्थापन, वित्तिय जोखिम न्यूनीकरणको वस्तुगत तथ्याङ्क अभिलेखीकरणका लागी विद्युतिय सुचना प्रविधिमा आधारित नगर प्रोफाइल निर्माण गर्ने कार्य सम्पन्न भैसकेकोले प्रोफाईलकै आधारमा घरधुरी नम्बरिंग तथा अभिलेखीकरण गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छ ।

१००. नगरको समग्र सेवा प्रवाह तथा विकास गतिविधि आम जनतासँग पुऱ्याउन पत्र पत्रिका रेडियो, टेलिभिजन कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छ ।

१०१. आम नगरवासीलाई अध्ययन, अनुसन्धान तथा सूचनाको आधुनिक प्रविधिसँग जोड्न नगरपालिका भित्र ज्ञान केन्द्र स्थापनाको लागि आवश्यक व्यवस्था मिलाएको छु।

१०२. नगरपालिका र अन्तर्गत कार्यरत करार तथा ज्यालादारीमा कार्यरत कर्मचारी तथा प्रशासनिक कार्यको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१०३. राष्ट्रसेवक कर्मचारीहरुको कार्यक्षमता वृद्धि र उच्च मनोवल कायम गरी कार्यस्थलमा खट्ने वातावरण तयार गर्न कर्मचारीहरुका लागि कार्य सम्पादनमा आधारित प्रोत्साहनका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

१०४. देश भित्रका आर्थिक, सामाजिक, साँस्कृतिक, भौगोलिक पक्षहरुको मौलिक अध्ययन र त्यसको सकारात्मक प्रभावलाई नगरको समग्र विकासमा सामेल गराउन विभिन्न कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०७९/८० को राजश्व सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१०५. प्रचलित कानून बमोजिम लगाउन सकिने राजश्वका सबै श्रोतहरुको वस्तुपरक पहिचान, विश्लेषण, प्रक्षेपणलाई समतामुलक, प्रगतिशिल र न्यायपूर्ण बनाई राजश्वको दायरा बृद्धि गर्दै नगरपालिकालाई आत्मनिर्भर बनाउदै लैजाने व्यवस्थाको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१०६. समयमा नियमित कर बुझाउने करदाताहरुलाई करमा छुट, सहुलियत र सबैभन्दा बढि कर बुझाउने करदाता पहिचान गरी सम्मान गर्ने व्यवस्था मिलाएको छु।

१०७. एकल महिला, अशक्त, जेष्ठ नागरीकहरुले नगरपालिकाबाट लिने सिफारिसहरु निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाएको छु।

१०८. **आन्तरीक आय अभिबृद्धिका लागि स्रोतहरुको सम्भाव्यता अध्ययन गरी राजश्व सुधार कार्ययोजना तयार पारि कर सचेतना, घुम्ति शिबिर**, कर सम्वन्धि प्रशिक्षण जस्ता कार्यक्रमहरु कार्यान्वयनका लागि आवश्यक बजेट व्यवस्था मिलाएको छु।

१०९. राजस्व संकलनलाई करदाता मैत्री बनाउन सम्पूर्ण वडाहरुमा सूचना प्रविधिमा आधारित कर संकलन प्रणालीलाई व्यवस्थापन गरि करदाताहरुले बुझाउनु पर्ने सबै प्रकारका करहरु सबै वडाहरुमा बुझाउन सकिने व्यवस्था मिलाएको छु।

सभाध्यक्ष महोदय,

११०. उत्कृष्ट कार्य गर्ने कर्मचारी, सञ्चारकर्मीहरुलाई समेत पुरष्कृत गर्ने बजेटको व्यवस्था मिलाएको छु।

१११. नगरलाई सुशासन मैत्री, सेवा प्रवाहलाई चुस्तदुरुस्त र प्रभावकारी बनाई भ्रष्ट्राचार मुक्त नगरपालिका बनाउनको लागि सार्वजनिक सुनुवाई र जनतासंग जनप्रतिनिधी कार्यक्रममा आवश्यक बजेट विनियोजन गरेको छु।

अन्त्यमा,

बजेट तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा उल्लेखनीय सहयोग तथा सुझाव दिनुहुने संघीय माननीय सांसदज्यूहरु र प्रदेश माननीय सांसदज्यूहरु, पूर्व माननीय सांसदज्यूहरु, संविधान सभा सदस्यज्यूहरु, नगर प्रमुखज्यू, नगरमा क्रियाशिल राजनितिक दलका प्रमुख एवम् प्रतिनिधीज्यूहरु, वडाध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु लगायत सम्पुर्ण सरोकारवाला निकायका प्रमुखज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, राजश्व



CamScanner

परामर्श समिति, विभिन्न विषयगत समितिका पदाधिकारीज्यूहरु, पूर्व जनप्रतिनिधीज्यूहरु, उद्योग वाणिज्य संघ, टोल विकास संस्था, सुरक्षाकर्मी, स्थानीय बुद्धिजिवी, नागरिक समाजका अगुवाहरु, संघसंस्था, सहकारी, निजीक्षेत्र एवं संचारकर्मीहरुलाई विशेष धन्यवाद दिंदै आभार व्यक्त गर्दछु । बजेट निर्माण कार्यमा अहोरात्र खटिई सहयोग गर्नुहुने नगरपालिकाका कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहान्छु । हामीलाई रचनात्मक सुझाव र सल्लाह दिई नगरको आर्थिक र सामाजिक रुपान्तरण तथा समृद्धिमा निरन्तर सहयोग पुऱ्याउनुहुने सबै करदाता र नगरबासी आदरणीय आमाबुवा, दाजुभाइ र दिदीबहिनीहरु प्रति आभार प्रकट गर्दछु । यस गरिमामय नगरसभामा उपस्थित हुनुहुने नगरसभाका सदस्यहरु प्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु । प्रस्तुत बजेट तथा कार्यक्रम कार्यान्वयनको निम्ति यहाँहरुबाट प्राप्त रचनात्मक सुझावहरुलाई मार्गदर्शनको रूपमा लिएर अगाडि बढ्ने विश्वास दिलाउँदै प्रस्तुत बजेट र कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरू सबैको निरन्तर सहयोगको अपेक्षा गरेको छु ।

धन्यवाद ! नमस्कार !!

रीता कुमारी चौधरी
नगर उप–प्रमुख

CamScanner